288

राष्ट्रिय सूचना आयोग २०६४

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. १०

महोत्तरी जिल्ला डाम्हीमड्है गा.वि.स.वडा नं. ५ बस्ने जितेन्द्र कुमार झा .........................१ पुनरावेदक

**विरूद्ध**

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रक एवं परीक्षा समितिको सदस्य सचिव .......................१ विपक्षी

**विषय :- उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराई पाउँ ।**

उपर्युक्त पुनरावेदकले पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रक एवं परीक्षा समितिको सदस्य सचिवले उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध नगराएकोले यस आयोगमा गरेको पुनरावेदनको सम्बन्धमा यस आयोगबाट मिति २०६७।०१।३० मा निज पुनरावेदकलाई माग गरे बमोजिम उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनू भनी पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रकको कार्यालयलाई आदेश भएकोमा उक्त आदेश विरुद्ध परीक्षा नियन्त्रक कर्णवीर पौडेलको तर्फबाट यस आयोग समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा रिट नं. ०६६-wo-१२३५ को उत्प्रेषण रिट निवेदन दर्ता भई हालसम्म पनि विचाराधिन रहेकोले उक्त मुद्दामा सर्वोच्च अदालतबाट फैसला भएपछि सोही बमोजिम जगाई कारवाही किनारा हुने नै हुँदा हाल प्रस्तुत पुनरावेदनलाई मुलुकी ऐन, अदालती बन्दोवस्ती महलको १२ नं. बमोजिम मुल्तवीमा राखिएको छ, प्रस्तुत पुनरावेदनको लगत मुल्तवीमा दर्ता गरी राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल वैशाख २५ गते रोज ६ शुभम् ।